# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.न. २०१०८१

मिति: २०८१/०४/२२

### बंगलादेशमा नागरिक सरकार संचालनको लागि अपिल

विश्व भू-राजनीतिक शक्ति सन्तुलनलाई समयमै चिन्तन मनन् गरी आवश्यक रणनीति तय गर्न नसक्दा, पछिल्लो दशकमा दक्षिण एसियाकै राम्रो आर्थिक वृद्धि भएको बङ्गलादेशको शासन सत्तामा बस्नेहरुले देश छोडी भाग्नु परेको र सैनिकले शासन सत्ताको वागडोर लिएको कुरामा यस नेपाल मानव अधिकार संगठनको गम्भीर ध्यान आकर्षित भएको छ ।

कुनै पनि देशको दीर्घकालीन रुपमा विकास, लोकतन्त्र, कानूनी शासन, मानवअधिकार, प्रेस स्वतन्त्रताको संरक्षण, सम्बर्द्धन र सम्मान नागरिक शासनमा मात्र सम्भव छ । अहिलेको अवस्थामा बङ्गलादेशमा मानवअधिकार उल्लंघनका दोषी उपर छानबिन र कारवाही एवं सेनाको हातबाट नागरिकमा सत्ता हस्तान्तरण हुनु अनिवार्य छ ।

नेपाल मानव अधिकार संगठन बङ्गलादेशमा मानवअधिकार उल्लंघनका दोषी उपर छानबिन र कारवाही एवं सेनाको हातबाट नागरिकमा सत्ता हस्तान्तरण गर्ने वातावरण मिलाउन त्यहाँका जनता, राजनैतिक दलहरु, नागरिक समाज तथा संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय समुदाय समक्ष जोडदार अपिल गर्दछ ।

साथै, नेपालका सत्तामा बस्ने राजनैतिक शक्तिहरुलाई पनि बङ्गलादेशको घटनाबाट पाठ सिकी शासन व्यवस्थामा व्यापक सुधार गरी मानवअधिकारको संरक्षण गर्न नेपाल मानव अधिकार संगठन सम्बद्ध सबैको ध्यान आकृष्ट गराउँदछ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं.९८५१०५८३६८